नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन -२०८१**
**पत्रकार सम्मेलन**
**शुक्रबार, २३ फागुन २०८१ (तदनुसार ७ मार्च २०२५)**

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि आवश्यक सीपयुक्त जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको प्रवर्द्धन र बालश्रम निवारण लगायतका काम हुँदै आएको छ। संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको श्रम तथा रोजगारीको हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयन गर्न यस मन्त्रालयले महत्वपूर्ण भुमिका निर्वाह गर्दै आएको छ। गरिबी न्यूनीकरणको लागि उत्पादकत्व अभिवृद्धि र श्रमको प्रभावकारी व्यवस्थापनबाट आर्थिक वृद्धि, उत्पादनशील रोजगारी, मर्यादित काम र दिगो सामाजिक सुरक्षालाई सुनिश्चित गर्दै सामाजिक न्याय सहितको समावेशी विकास गर्नेगरी सोह्रौं योजनाले लिएको लक्ष्य प्राप्तिका लागि यस मन्त्रालयले विभिन्न कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दै आएको छ।

नेपाली श्रमशक्तिको यथोचित उपयोग गर्न, मुलुकको आर्थिक र सामाजिक उन्नतिका लागि सिर्जनशील तवरले रोजगारी सृजना गर्ने क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्न तथा वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान र पूँजीको यथोचित प्रयोग गरी मुलुकको बृहत्तर उन्नतीमा सहयोग गर्न नयाँ ढङ्गबाट वहस गर्नुपर्ने आवश्यकता देखिएको छ। यसै पृष्ठभूमिमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मुलुकको **"उत्पादन र उत्पादकत्व बिस्तार, आन्तरिक रोजगारीको दिगो आधार"** नारा सहित **मिति २०८१ फागुन २६ र २७** गते (तदनुसार मार्च १०-११, २०२५) **राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१** काठमाडौंमा आयोजना गर्दैछ।

## श्रम तथा रोजगार सम्मेलन किन?

नेपालको श्रम बजारमा १५ देखि ६५ वर्ष उमेर समूहका करिब ६७ प्रतिशत श्रमशक्ति रहेका छन्। वर्तमान समयको जनसांख्यिक लाभको अवस्थाको आन्तरिक श्रम बजारमा उचित प्रयोग भएको छैन र सीप तथा क्षमता विकासका क्रियाकलापहरुले श्रम बजारको माग र आपूर्तिलाई सन्तुलनमा ल्याउन नसकेको अवस्था देखिन्छ। वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण पनि आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धिमा सदुपयोग गर्न सकिएको छैन। सामान्यतया: कृषिबाट उद्योग र उद्योगबाट

सेवामा रुपान्तरण हुने अन्तर्राष्ट्रिय मान्यताभन्दा फरक नेपालको कूल ग्राईस्थ उत्पादनमा कृषिको योगदान घट्दै जानु, उद्योग क्षेत्रमा अपेक्षित सुधार हुन नसक्नु र सेवा क्षेत्रको योगदान बढ्दै जानुले नेपालको अर्थतन्त्रको संरचनामा परिवर्तन भएको देखिन्छ।

मुलुकको आन्तरिक रोजगारीमा नेपाली श्रमिकको उपयुक्त प्रशोचन हुन नसक्दा वैदेशिक रोजगारीमा अतिरिक्त चाप परेको छ। आर्थिक वर्ष २०८०/०८१ मा कूल ७,१४,२९७ जना नेपाली जनशक्तिले श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिएका छन्। वैदेशिक रोजगारीले नेपालको रोजगार व्यवस्थापन तथा वैदेशिक मुद्रा आर्जनमा प्रत्यक्ष सहयोग गरेतापनि मुलुकको दीर्घकालीन सामाजिक र आर्थिक विकासमा यसको प्रभाव न्यून रहेको छ।

नेपालको रोजगारीको क्षेत्रमा देखा परेको संकुचनको समाधान, वर्षेनी श्रम बजारमा थपिने नयाँ श्रमशक्तिलाई रोजगारमूलक सेवा प्रदान गर्न र नयाँ रोजगारीको क्षेत्र पहिचान तथा व्यवस्थापन गर्न नेपाल सरकारले आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्न आवश्यक देखिएको छ। नीतिगत सुधारका लागि **"राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन २०८१"** मार्फत सम्पूर्ण सरोकारवालाहरुबाट उचित पृष्ठपोषण प्राप्त हुने अपेक्षा मन्त्रालयको रहेको छ।

### विगतका सम्मेलनका उद्देश्य र उपलब्धीहरु

यस मन्त्रालयले २०५४ सालदेखि चार पटक श्रम तथा रोजगार सम्मेलनहरु आयोजना गरिसकेको छ।

**वि.सं. २०५४** सालमा आयोजित **पहिलो** सम्मेलन मुलुकमा देखिएको आर्थिक संकुचन सम्बन्धी छलफलमा केन्द्रित थियो। आ.व. २०५५/०५६ को बजेटमा निजी क्षेत्रमा विस्तार, वित्तीय क्षेत्रको सुदृढीकरण लगायत स्वदेशमा रोजगारी सिर्जना एवम् वैदेशिक रोजगारलाई व्यवस्थापन गर्ने विषय समेटिएको थियो। तथापी मुलुकमा द्वन्द रहेको अवस्थामा यो बजेट पूर्णरुपमा कार्यान्वयनमा आउन सकेन।

**दोश्रो** पटक वि.सं. **२०६१** मा आयोजना गरिएको श्रम तथा रोजगार सम्मेलन तत्कालिन अवस्थामा उद्योग प्रतिष्ठानमा देखा परेका निराशाहरु लगायत श्रमिकको हक र अधिकारमा देखा परेका चुनौतीहरुलाई समाधान गर्न Freedom of Association and the Right to Collective Bargaining का विषयमा छलफल गरिएको थियो। Forced Labour, Child Labour र सबै प्रकृतिका विभेदहरु हटाउने र श्रम अडिटका विषयमा छलफल गरिएको थियो।

**वि.सं. २०६९** मा आयोजित **तेस्रो** श्रम तथा रोजगार सम्मेलनमा श्रम सम्वद्ध कानुनहरुमा सुधार, वैदेशिक रोजगारीमा देखा परेको चुनौतीहरु न्यूनीकरण तथा असल श्रम सम्बन्ध विकासका विषयमा छलफल गरियो। साथै, श्रम तथा रोजगारको क्षेत्रमा संविधानमा समेट्नुपर्ने विषयमा समेत छलफल भएको थियो।

नेपालको संविधान जारी भए पश्चात श्रम ऐन, सामाजिक सुरक्षा ऐन र रोजगारीको हक सम्बन्धी ऐन लगायतका मूल कानुनहरु जारी गरियो। सामाजिक सुरक्षा कोषको स्थापना भयो। रोजगारीको हकलाई सुनिश्चित गर्न **प्रधानमन्त्री रोजगार कार्यक्रम**को कार्यान्वयन प्रारम्भ गरियो। यसै क्रममा **चौथो श्रम तथा रोजगार सम्मेलन २०७६** मा मुलुकको श्रम तथा रोजगारका क्षेत्रमा नीतिगत सुधार भएको अवस्थामा आन्तरिक रोजगारलाई अभिवृद्धि गरी पन्ध्रौं योजनाले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** मा योगदान गर्नेगरी विभिन्न विषयमा छलफल गरिएको थियो। मुलुकको अर्थतन्त्रमा सुधार ल्याउने र श्रम तथा रोजगारीलाई रुपान्तरण गरी सामाजिक न्याय कायम गर्नेगरी योजना तय पनि गरिएको थियो। रोजगार नीति, नयाँ कानुनहरुको कार्यान्वयनका लागि विभिन्न दृष्टिकोणबाट सुझाव प्राप्त भएका थिए। तथापि कोभिड-१९ को प्रतिकार्यका रुपमा लिइएको बन्दाबन्दी लगायतका नीतिगत व्यवस्थाले मुलुकको समग्र अर्थतन्त्रमा गहिरो प्रभाव एवं नकारात्मक असर पार्‍यो। यसको प्रत्यक्ष प्रभाव श्रम तथा रोजगारीको क्षेत्रमा पर्‍यो। यसका सुझाव कार्यान्वयनमा कठिनाइ भयो।

### *राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन -२०८१ (पाँचौ) को सन्दर्भ*

अहिले नेपालको श्रम तथा रोजगार क्षेत्रमा संकुचन आएको छ। सरकारले रोजगारी सिर्जना गर्ने क्षेत्रहरुलाई नियमन मात्रै हैन, प्रवर्द्धनकारी भूमिका समेत निर्वाह गर्नुपर्ने अवस्था देखिएको छ। उद्योग र प्रतिष्ठानहरुको भूमिका र यसको लागि सम्पूर्ण आपूर्ति श्रृंखलामा समेत रोजगारीको विषयलाई हामीले छलफल गर्नुपर्ने देखिएको छ।

हाल उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने र रोजगारी सृजना क्षेत्रमा लगानी न्यून भएको छ। मुलुकको अर्थतन्त्र आयातमा आधारित बन्न पुगेको छ। नागरिकहरु स्वरोजगार र आन्तरिक रोजगारी भन्दा पनि वैदेशिक रोजगारमा आकर्षित भएका छन्। समग्र कृषि र उद्योगमा लगानी र उत्पादन न्यून हुनु मुलुकको अर्थतन्त्रका लागि राम्रो मानिदैन। यसमा रुपान्तरण अपरिहार्य देखिएको छ।

श्रमिकको माग न्यून हुँदै जानु लगायत बस्तु तथा सेवाको उत्पादनमा लागत बढ्नु समेत चिन्ताको विषय हो। श्रमिकको मागलाई बढाउन अर्थतन्त्रमा व्यापक सुधार आवश्यक छ।

वैदेशिक रोजगारी हाम्रो अर्थतन्त्र र समाजको अभिन्न अङ्ग हुँदा मुलुकको वैदेशिक मुद्रा आय आर्जनको प्रमुख श्रोत भएको छ। प्राप्त विप्रेषणले उपभोगमा अधिक ध्यान दिएको देखिन्छ। विप्रेषणलाई के कसरी मुलुकको रुपान्तरणमा प्रयोग गर्न सकिन्छ भन्ने विषयमा बहस गर्न ढिला गर्नु हुँदैन।

वैदेशिक रोजगारीलाई मुलुकले आर्थिक समृद्धिको अल्पकालीन रणनीतिको रुपमा मात्र लिन सकिन्छ। मुलुकको आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धि नै आगामी कार्यदिशा हुनुपर्दछ। साथै, वैदेशिक रोजगारीमा देखा परेका अमर्यादित क्रियाकलाप, श्रमिकको आप्रवासनको लागत बढ्नु, गैरकानुनी कार्य बढ्नु लगायत वैदेशिक रोजगारीमा जाने नेपालीहरु विभिन्न झञ्झट वा समस्यामा पर्ने समेत गरेका छन्। यसको लागि नीतिगत सुधारहरु लिनु पर्ने अवस्था छ।

नेपालको संविधानमा श्रम तथा रोजगारीका विषयमा राज्यको मार्गनिर्देशक सिद्धान्तहरु उल्लेख छ। संविधानको सिद्धान्तहरुलाई कार्यान्वयन गर्नैपर्ने हुन्छ। सोह्रौं योजनाले समेत वर्तमान वस्तुस्थिति विश्लेषण गरेको छ। उत्पादन र उत्पादकत्व बढाउने, श्रमिकको माग बढाउने, सीप विकासलाई श्रम बजारको माग बमोजिम मिलाउने, सेवा प्रवाहमा सुधार ल्याउने, उपयुक्त नीति तर्जूमा गर्ने र श्रम बजारको माग र आपूर्तिमा सन्तुलन ल्याउन आवश्यक छ।

त्यसैले यस मन्त्रालयले आन्तरिक रोजगार प्रवर्द्धन दशकको अवधारणा अघि बढाएको छ। अन्तर-तह, अन्तर-निकाय संयोजन र सहकार्य गरी समग्र श्रम बजारमा सन्तुलन ल्याउन नीतिगत सामञ्जस्यता, क्षमता विकास र सेवा प्रवाहमा सुधार गर्नेगरी नेतृत्वदायी भूमिका यस मन्त्रालयले निर्वाह गर्दछ।

- उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि आन्तरिक रोजगार प्रवर्द्धन दशकको रणनीतिक कार्ययोजना उपर पृष्ठपोषण लिने, आन्तरिक र वैदेशिक रोजगारीका क्षेत्रमा देखा परेका चुनौतीहरुको विश्लेषण गरी आगामी नीतिगत र कानुनी परिमार्जनका लागि सुझाव लिने र श्रम तथा रोजगारयोग्य वातावरण सिर्जनाका लागि अन्तर-तह/अन्तर-निकाय समन्वय र सहकार्य स्थापना गर्ने यो सम्मेलनको प्रमुख उद्देश्य रहनेछ ।
- यस सम्मेलनमा श्रमिक, रोजगारदाता, अनुसन्धानकर्ता लगायत यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थाहरुबाट सरकारलाई विभिन्न विषयहरुमा प्राप्त हुने सुझावलाई यस मन्त्रालयले अवलम्बन गर्ने आगामी नीतिगत र कानूनी सुधारमा पृष्ठपोषणको रुपमा आन्तरिकीकरण गर्नेछ। विशेष गरी वैदेशिक रोजगार ऐनको परिमार्जन, राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठानको परिमार्जन र सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार बोर्डको सुधारका लागि मन्त्रालयले गठन गरेको कार्यदलको प्रतिवेदनउपर समेत यस सम्मेलनबाट प्राप्त सुझावलाई आगामी **आन्तरिक रोजगार प्रवर्द्धन दश वर्षे रणनीतिक योजना**मा समावेश गरिनेछ ।

- रोजगारी र उत्पादनशीलता अभिवृद्धिसँग सम्बन्धित तीनै तहका सरकार, निजी क्षेत्र, ट्रेड युनियन, श्रम तथा रोजगार विषयसँग सम्बन्धित व्यवसायी र अनुसन्धानकर्ता/ विज्ञ, विकास साझेदार, गैरसरकारी क्षेत्र तथा युवा गरी यो सम्मेलनमा करिब ५०० जनाको सहभागिता रहनेछ। साथै, स्थानीय तहका जनप्रतिनिधि, रोजगार सेवा केन्द्रका कर्मचारी तथा अन्य सरोकारवालालाई भर्चुअल माध्यमबाट सहभागी गराईनेछ।
- सम्मेलन स्थलमा मन्त्रालय, निजी क्षेत्र तथा अन्य विकास साझेदारहरुको स्टलमार्फत् समेत श्रम तथा रोजगार सम्मेलन सम्वन्धी सूचना तथा जानकारी दिईनेछ ।
- सम्मेलनलाई सफल पार्न आम सञ्चार माध्यम तथा पत्रकारहरुको अहम् भूमिका रहनेछ। सम्मेलनको तयारी अन्तिम चरणमा रहेको सन्दर्भमा यस सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गराउन र सम्मेलनबाट प्राप्त उपलव्धीलाई संस्थागत बनाउन यहाँहरुले महत्वपूर्ण भुमिका खेल्नुहुनेछ र सम्मेलनमा सहभागी हुनुहुनेछ भन्ने अपेक्षा मन्त्रालयले लिएको छ। आगामी दिनमा सहकार्यको अपेक्षा समेत गरिएको छ।

**सम्मेलनका सहयोगी संस्थाहरु देहाय बमोजिम रहेका छन्:**

- वैदेशिक रोजगार बोर्ड
- सामाजिक सुरक्षा कोष
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
- नेपाल नगरपालिका संघ
- गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
- नेपाल उद्योग वाणिज्य महासंघ
- नेपाल चेम्वर अफ कमर्श
- नेपाल वैकंर्स संघ
- होटल एसोसिएसन नेपाल
- नेपाल सुनचाँदी व्यवसायी महासंघ
- नेपाल घरेलु तथा साना उद्योग महासंघ
- नेपाल ट्रेकिङ एजेन्सी एशोसिएसन
- नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स
- निर्माण व्यवसायी संघ
- नेपाली उद्योग परिसंघ
- संयुक्त ट्रेड युनियन समन्वय केन्द्र
- राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन (एन प्याब्सन)
- निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)
- आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन
- अन्तर्राष्ट्रिय श्रम संगठन
- विश्व बैंक
- स्वीस विकास सहयोग/हेल्भेटास
- नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
- गैर आवासीय नेपाली संघ
- खाद्य तथा कृषि संगठन

- नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल
- कान्तिपुर मिडिया ग्रुप-मिडिया पार्टनर

<u>सम्मेलनका सह आयोजकहरु (प्रायोजन सहित)</u>

- वैदेशिक रोजगार बोर्ड
- सामाजिक सुरक्षा कोष

- विश्व बैंक
- अन्तर्राष्ट्रिय श्रम संगठन
- खाद्य तथा कृषि संगठन
- नेपाल उद्योग वाणिज्य महासंघ
- नेपाली उद्योग परिसंघ
- नेपाल चेम्बर अफ कमर्श
- निर्माण व्यवसायी संघ
- नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
- नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल
- गैर आवासीय नेपाली संघ

<u>सम्मेलनको कार्ययोजना</u>

| क्र.सं. | कार्यक्रम | |
|---|---|---|
| मिति २०८१ फागुन २६ गते सोमबार | | |
| सम्मेलनको शुभारम्भ समारोह (१०:०० – १२:००) | | |
| १. | सम्मेलनको शुभारम्भ | सम्माननीय प्रधानमन्त्रीज्यू |
| | किनोट स्पीच: नेपालको रोजगारी र आगामी कार्यदिशा | डा. युवराज खतिवडा, सम्माननीय प्रधानमन्त्रीज्यूको आर्थिक / विकास सल्लाहकार |
| | आन्तरिक रोजगार प्रवर्द्धन दशकको घोषणा | सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यू |
| दिवा खाना (१२:०० – १३:००) | | |
| **प्राविधिक सेसनहरु** | | |
| २. | उत्पादन तथा उत्पादकत्व अभिबृद्धि र रोजगारी सृजना (१३:००-१३:२०) | **किनोट स्पीकर:** प्रा.डा. अच्युत प्रसाद वाग्ले, रजिष्ट्रार, काठमाडौं विश्वविद्यालय - प्रस्तुति |
| क. **प्लेनरी डिस्कसन:** आन्तरिक रोजगारी सृजनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्द्धन (१३:२०-१५:१५) | | |
| ३. | **सेसन चेयर:** प्रा.डा. शिवराज अधिकारी, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | |
| | कृषिमा उत्पादन र उत्पादकत्व अभिबृद्धि | श्री अरुण जि.सी., कार्यक्रम विशेषज्ञ, एफ.ए.ओ. - प्रस्तुति |
| | उद्योग क्षेत्रको विकास र विस्तार | श्री रोहित गुप्ता, उपाध्यक्ष, CNI - नीतिगत सुझाव |

| | | |
|---|---|---|
| | नेपालमा पर्यटन प्रवर्द्धन र रोजगारी | श्री विनायक शाह, अध्यक्ष, होटल एसोसियसन अफ नेपाल - नीतिगत सुझाव |
| | श्रमिकको अधिकार तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य | श्री योगेन्द्र कुँवर, अध्यक्ष, नेपाल ट्रेड युनियन कांग्रेस - नीतिगत सुझाव |
| | रोजगारदाताका समस्या तथा सुझाव | श्री ज्योत्सना श्रेष्ठ, उद्योग वाणिज्य महासंघ — नीतिगत सुझाव |
| | अटोमोवाइल उद्योगमा सीप विकास र रोजगारी | श्री करण चौधरी, अध्यक्ष, नाडा — नीतिगत सुझाव |
| | ओपन फ्लोर प्रश्नोत्तर (१४:४५ — १५:१५) | |
| सेसन ब्रेक (१५:१५ — १५:३०) | | |
| ४. | राष्ट्रिय व्यवसायिक सीप विकास प्रतिष्ठान र विभिन्न आठ वटा रोजगारदाता संघ/महासंघ बीच समझदारी पत्रमा हस्ताक्षर (१५:३० — १५:४०) | |
| ५. | स्वीस कन्ट्याक्ट र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि साझेदारी पत्रमा हस्ताक्षर (१५:४० — १५:५०) | |
| **ख. प्लेनरी प्रस्तुतिः** नेपालमा रोजगार सेवा तथा सुविधाको विकास र विस्तार (१५:५०-१७:३०) | | |
| ६. | **सेसन मोडरेटर:** युवराज बस्नेत, रोजगार विज्ञ | |
| | नेपालमा सार्वजनिक रोजगार सेवाको अवस्था सम्वन्धी अध्ययन प्रतिवेदन | श्री बसन्त कुमार कार्की, वरिष्ठ कार्यक्रम अधिकृत, आइ.एल.ओ. |
| | एकीकृत रोजगार सेवा प्रवाहका लागि अन्तरतह-अन्तरनिकाय सहकार्य | श्री जास्मीन राजभण्डारी, विश्व बैङ्क नेपाल - प्रस्तुति |
| | नेपालमा रोजगारमूलक शिक्षा र सीप विकासको आवश्यकता | प्रा डा. प्रमोद बहादुर श्रेष्ठ - प्रस्तुति |
| | सीप विकासमा अन्तर्राष्ट्रिय स्तर निर्धारण | डा. रामहरी लामिछाने, TVET Expert - प्रस्तुति |
| | नेपालको रोजगार सेवामा सामाजिक न्याय | श्री सलोमन राजवंसी, वरिष्ठ कार्यक्रम अधिकृत, आइ.एल.ओ. - प्रस्तुति |
| | रोजगार प्रवर्द्धन र श्रमिक | श्री विनोद श्रेष्ठ, अध्यक्ष-जिफन्ट — नीतिगत सुझाव |
| | ओपन फ्लोर प्रश्नोत्तर (१७:१० — १७:३०) | |
| दोश्रो दिन — २०८१ फागुन २७ गते मंगलवार | | |
| ७. | नेपालको कुटनीति र आप्रवासन व्यवस्थापन (०९:०० — ०९:२०) | किनोट स्पीकर: प्रा. डा. खड्ग के.सी., रेक्टर, त्रिभुवन विश्वविद्यालय - प्रस्तुति |
| **ग. प्लेनरी प्रस्तुतिः** श्रम आप्रवासन व्यवस्थापनका विविध आयामहरु (०९:३०-११:१५) | | |

| | | |
|---|---|---|
| ८. | **सेसन चेयरः** डा. जिवन वानीया, आप्रवासन विज्ञ | |
| | Research Paper: Work-related Migration Aspirations in Youth of Nepali: An Empirical Analysis | डा. राम नारायण श्रेष्ठ – प्रस्तुति |
| | Rethinking Bilateral Agreements: Reducing Vulnerability to Exploitation of Female Migrant Workers of Nepal. | Dr. Ayusman Bhagat, Lecturer, Brunel University UK – प्रस्तुति |
| | नेपाली आप्रवासी श्रमिकको हक हित संरक्षणमा नेपाली कुटनीतिक नियोगको भूमिका | डा. सर्मिला पराजुली ढकाल, पूर्व राजदुत — ओमान तथा स्पेन — प्रस्तुति |
| | वैदेशिक रोजगारीमा लैङ्गिक मुद्दाहरु | श्री सिता लामा, JTUCC |
| | नेपालमा वैदेशिक रोजगार व्यवसायका चुनौति र सुधारका क्षेत्रहरु | श्री डिक बहादुर खत्री, प्रथम उपाध्यक्ष, वैदेशिक रोजगार व्यवसायी सङ्घ — नीतिगत सुझाव |
| | ओपन फ्लोर प्रश्नोत्तर (१०:५५ — ११:१५) | |
| ९. | सामाजिक सुरक्षा कोष र रोजगारदाता वीच सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने विषयमा समझदारी पत्रमा हस्ताक्षर (११:१५ — ११:२५) | |
| १०. | **किनोट स्पीचः** नेपालमा लगानी र उत्पादन र उत्पादकत्व अभिवृद्धि — शुसिल ज्ञावली, प्रमुख कार्यकारी अधिकृत, नेपाल लगानी बोर्ड (११:२५ — ११:५०) | |
| | दिवा खाना (११:५० — १२:५०) | |
| **घ. प्यानल छलफलः** सूचना प्रविधिको विकासमा नेपालको सम्भावना र रोजगारी सृजना (१२:५०-१३:५०) | | |
| ११. | **सेसन मोडरेटरः** श्री असगर अली, सम्माननीय प्रधानमन्त्रीज्यूको सूचना प्रविधि विज्ञ | |
| | सूचना प्रविधि शिक्षा, विस्तार र रोजगारीको सम्भावना | प्रा.डा. शशिधर राम जोशी, इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक — नीतिगत सुझाव |
| | नेपालमा सूचना प्रविधिको विकास र चुनौतिहरु | श्री सुरेस कुमार कर्ण, Computer Association of Nepal |
| | श्रम ऐन र आइ.टि. क्षेत्र | श्री जगत सिंखडा, अध्यक्ष, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र |
| | आर्टिफिसियल इन्टेलिजेन्स, मेसिन लर्निङ्ग र क्याउड कप्प्युटिङ्गमा नेपालको सम्भावना | श्री कैलास बडु, भाइस प्रेजिडेन्ट, जिनिस सोलुसन्स - नीतिगत सुझाव |
| | विजनेस प्रोसेस आउटसोर्समा नेपालको सम्भावना र सरकारबाट अपेक्षा | श्री सुदन चापागाई, अध्यक्ष, FlexTecs Nepal - नीतिगत सुझाव |
| | ओपन फ्लोर प्रश्नोत्तर (१३:४० — १३:५०) | |
| **ङ. प्यानल छलफलः** वैदेशिक रोजगार प्राप्त ज्ञान, सीप र पूँजिलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा प्रयोग (१३:५०-१४:५०) | | |

| | | |
|---|---|---|
| १२. | **सेसन चेयर तथा मोडरेटर:** डा. गणेश गुरुङ, श्रम आप्रवासन विज्ञ | |
| | Approach to Socio-economic Reintegration in Nepal - | Ms. Madushika Lansakara, Migration Specialist - Presentation |
| | नेपालको उत्पादन र उत्पादकत्व अभिवृद्धिमा मिडियाको भूमिका | श्री महेश स्वाँर, प्रमुख कार्यकारी अधिकृत, कान्तिपुर मिडिया ग्रुप — नीतिगत सुझाव |
| | नेपाली डायस्पोराको नेपालमा लगानी | डा. बद्री के.सी. अध्यक्ष, गैर आवासीय नेपाली सङ्घ - नीतिगत सुझाव |
| | दक्षिण एसियामा विप्रेषण तथा लगानी | श्री लक्ष्मण बस्नेत, महासचिव, SARTUC |
| | वित्तीय पहुँचमा नेपाली वित्तीय संस्थाको भूमिका | बैङ्क तथा वित्तीय संस्थाको प्रतिनिधि - नीतिगत सुझाव |
| | वैदेशिक रोजगारबाट फर्केर नेपालमा उद्यमीको अनुभव | श्री चन्द्र प्रसाद बस्नेत, एग्रीसेन्टर झापा प्रा.लि. |
| | ओपन फ्लोर प्रश्नोत्तर (१४:४० — १४:५०) | |
| समापन समारोह (१५:०० — १७:३०) | | |

<u>सम्मेलनका अपेक्षित उपलव्धीहरु:</u>

नेपालको श्रम तथा रोजगारीको क्षेत्रमा नयाँ ढङ्गबाट सोचाइ राख्न तथा मुलुकको दीर्घकालीन आवश्यकतालाई परिपूर्ति हुनेगरी नीतिगत र कानुनी सुधार गर्न श्रम तथा रोजगारीका क्षेत्रमा कार्यरत विज्ञ, शैक्षिक संस्था, ट्रेड युनियन, व्यावसायी/रोजगारदाता, विकास साझेदार एवम् गैरसरकारी निकायहरुबाट आगामी दिनमा नेपाल सरकारले अवलम्बन गर्नुपर्ने क्रियाकलापमा सम्बन्धमा पृष्ठपोषण लिने यो सम्मेलनको उद्देश्य रहेको छ। आर्थिक तथा सामाजिक विकासमा हुने उपलव्धी र श्रम तथा रोजगारबीच सहसम्बन्ध रहेको हुनाले सरोकारवालाहरुको पृष्ठपोषण पश्चात् नेपाल सरकारले श्रम तथा रोजगार सम्वद्ध सोहौं योजना तथा दीगो विकासका लक्ष्य प्राप्तिका लागि आवश्यक नीति तथा कानुन संशोधनको प्रक्रिया अघि बढाउने छ। सङ्घ, प्रदेश र स्थानीय तह तीनै तहको सरकारको उपस्थितीमा हुने यो सम्मेलनले आगामी दिनमा श्रम तथा रोजगार व्यवस्थापनमा तीनै तहको सरकारको सहसम्वन्ध, सहअस्तित्व र सहकार्यलाई समेत सघाउ पुऱ्याउने अपेक्षा समेत लिइएको छ।